राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३१७ | २०८३ साउन १४ गते बिहिवार | (Thursday, 30 July, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

**कालापानी वन काण्ड :**

# बर्दिबासमा प्रशासन–स्थानीय आमनेसामने

**मुद्दा फिर्ता लिन तीन दिनको अल्टिमेटम दिएका स्थानीयले माग पूरा नभए संघर्षमा उत्रिने चेतावनी दिएपछि कालापानीमा प्रशासन र स्थानीयबीच मुठभेडको स्थिति उत्पन्न हुने खतरा बढेको हो ।**

***





कालापानी वन काण्ड :

## रातभर बन्धक, वनको गाडीमा आगजनी, अब जन्मकैदको खतरा !

महोत्तरीको कालापानी वन काण्डमा वन कर्मचारीलाई रातभर बन्धक बनाउँदै उनीहरुको गाडीमा आगजनी गरेको घटनाको अनुसन्धान प्रहरीले तीव्र पारेको छ । अपराधिक उपद्रव मुद्दा दर्ता गर्दै प्रहरीले घटनामा संलग्न व्यक्ति र समूहको पहिचान गर्ने तीर अनुसन्धान केन्द्रित बनाएको छ । सरकारी सम्पत्तिमा आगजनी र क्षति पुऱ्याएको पुष्टि भए मुलुकी अपराध संहिता-२०७४ अनुसार दोषीलाई जन्मकैद र बिगोबमोजिम जरिबानासम्म हुन सक्ने कानुनी व्यवस्था छ । यद्यपि, घटनापछि प्रशासन र स्थानीयबीच मुद्दा नचलाउने सहमति भएको दाबी गर्दै स्थानीयले धरपकड भए कडा आन्दोलन चर्काउने चेतावनी दिएका छन् ।

■ राजकरण महतो
बर्दिबास



**कसैले दबाब दिँदैमा मुद्दाको अनुसन्धान रोकिँदैन । महान्यायधिवक्ताको कार्यालय वा अदालतबाट मुद्दाको सम्बन्धमा टुङ्गो लाग्छ ।**

*– इन्द्रदेव यादव, सिडिओ*
*जिल्ला प्रशासन कार्यालय, महोत्तरी*

***

**समाचार फलोअप**

**राजकरण महतो**

*बर्दिबास, साउन १३ गते ।*

महोत्तरीको बर्दिबास नगरपालिका-३ स्थित कालापानीमा वन अतिक्रमणको विषयलाई लिएर सुरु भएको विवाद अब प्रशासन र स्थानीयबीच प्रत्यक्ष मुठभेडको अवस्थातर्फ उन्मुख भएको छ । स्थानीय जनप्रतिनिधिसहित चारजनाविरुद अपराधिक उपद्रवको मुद्दा दर्ता भएको खबर बाहिरिएपछि आक्रोशित बनेका स्थानीयले तीन दिनभित्र मुद्दा फिर्ता लिन प्रशासनलाई अल्टिमेटम दिएका छन् । माग पूरा नभए आन्दोलन चर्काउने र विपी राजमार्ग अनिश्चितकालीन बन्द गर्नेसम्मको चेतावनी दिएपछि कालापानीको अवस्था थप तनावपूर्ण बन्न सक्ने स्थिती उत्पन्न भएको हो ।

बुधबार कालापानीमा बसेको सर्वदलीय बैठकले मुद्दा फिर्ताका लागि प्रशासनमाथि दबाब बढाउने निर्णय गर्दै बर्दिबास नगरपालिकाका मेयर प्रह्लादकुमार क्षेत्रीलाई तीन दिनभित्र पहल गर्न जिम्मेवारी दिएको छ । बैठकले स्थानीयको माग सम्बोधन गर्नुको साटो राज्यले बल प्रयोग वा दमन गरे त्यसको प्रतिकारमा आन्दोलन चर्काउने निर्णयसमेत गरेको छ ।

यससँगै कालापानीमा एकातिर प्रहरीले घटनामा संलग्न भएको आरोपमा मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाइरहेको छ भने अर्कोतर्फ स्थानीयले मुद्दा फिर्ताको समयसीमा तोकेर आन्दोलनको चेतावनी दिएका छन् । दुवै पक्ष आ-आफ्नो अडानमा कायम रहे स्थिति थप बिग्रिएर प्रशासन र स्थानीयबीच प्रत्यक्ष टकरावको अवस्था सिर्जना हुन सक्ने जोखिम बढेको जानकारहरु बताउँछन् ।

कालापानी घटनामा बर्दिबास नगरपालिका-३ का वडाध्यक्ष विराट विष्ट, स्थानीयहरु संजिव भण्डारी, टिकाबहादुर बस्नेत (गणेश), रोशन कार्कीमाथि प्रहरीले अपराधिक उपद्रव शीर्षकमा मुद्दा दर्ता गरेको खबर बाहिरिएपछि स्थानीय आक्रोशित भएका हुन् । उनीहरूले आरोपी भनिएकाहरू निर्दोष रहेको दाबी गर्दै मुद्दा फिर्ता लिन माग गरेका छन् ।

सर्वदलीय बैठकमा सहभागी नेकपा एमालेका युवा नेता शंकर महतोका अनुसार स्थानीयमाथि कुनै पनि कारबाही अघि नबढाउन मेयर क्षेत्रीमार्फत प्रशासनसँग सहजीकरण गर्ने निर्णय भएको छ । तर, प्रशासनले मुद्दा फिर्ता लिन अस्वीकार गरे वा पक्राउ तथा धरपकड अघि बढाए आन्दोलन थप उग्र बन्न सक्ने स्थानीयको चेतावनी छ ।

राज्यतर्फबाट दमन भए त्यसको प्रतिकार गर्न भन्दै बैठकले कृष्णबहादुर श्रेष्ठ (गोपी)

*- बाँकी पृष्ठ ३ मा*

## साम्प्रदायिक सद्भाव नबिगार्न मधेशका हिन्दु-मुस्लिम धर्मगुरूको अपिल

**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, साउन १३ गते ।*

सुनसरीको देवानगञ्जमा भएको साम्प्रदायिक हिंसाको घटनापछि मधेसका हिन्दु तथा मुस्लिम धर्मगुरु एकै ठाउँमा उभिएका छन् । धर्मको नाममा समाजलाई विभाजित गर्ने प्रयासको विरोध गर्दै उनीहरूले सामाजिक सद्भाव जोगाउन र धार्मिक अतिवाद फैलाउनेमाथि कडा निगरानी तथा कानुनी कारबाही गर्न सरकारसँग माग गरेका छन् ।

धर्मगुरुहरुले विगतदेखि विभिन्न धर्म र समुदाय मिलेर बसेको समाजमा पछिल्लो समय केही व्यक्तिले धार्मिक अतिवादको आडमा घुसपैठ गरी साम्प्रदायिक तनाव भड्काउने प्रयास गरिरहेको आरोप लगाएका छन् । मानवता नै सबै धर्मको आधार भएकाले धर्मका नाममा समाजलाई विभाजित गर्नु कुनै पनि हालतमा स्वीकार्य नहुने उनीहरुको भनाइ छ ।

जनकपुरस्थित सङ्कटमोचन मन्दिरका पुजारी एवं महन्थ आनन्द राम दासले धर्मका नाममा हुलदङ्गा गरेर कसैले पनि उपलब्धि हासिल गर्न नसक्ने भन्दै सबै पक्ष संयमित बन्नुपर्ने बताए ।

'मन्दिरमा हजारौँ मानिस आउँछन्, हामी जात वा धर्मका आधारमा कसैसँग भेदभाव गर्दैनौँ,' उनले भने, 'यही सोच समाजमा पनि स्थापित हुनुपर्छ ।'

फूलबारीमा विभिन्न प्रजातिका फूल भएझैँ समाजमा पनि विविध धर्म र समुदायका मानिस बस्ने उल्लेख गर्दै उनले सबैको एकताबाट मात्रै गाउँ, समाज र राष्ट्र बलियो बन्ने बताए । 'जुन धर्म मान्ने मानिस भए पनि रगत रातै हुन्छ,' उनले भने, 'पहिरन फरक हुन सक्छ, तर प्राण सबैको एउटै हुन्छ ।'

हिन्दु वा मुस्लिम जुनसुकै समुदायका भए पनि एकअर्कालाई होच्याउने, गालीगलौज गर्ने र धार्मिक आस्थामाथि प्रहार गर्ने गतिविधि तत्काल बन्द गर्न उनले सबैसँग आग्रह गरे ।

जनकपुर उपमहानगरपालिका-६ स्थित एक मदरसाका प्रिन्सिपल मोफती रजाउल्लाहले कुनै पनि धर्मले हिंसा र द्वन्द्व सिकाउँदैन भन्ने स्पष्ट पारे ।

'मानिस भएपछि सबैभन्दा पहिले मानवता देखाउनुपर्छ,' उनले भने, 'अहिले देखिएका यस्ता हिंसात्मक घटनामा केही बेरोजगार र उक्साहटमा परेका व्यक्तिहरू प्रयोग भइरहेका देखिन्छन् ।'

यस्ता गतिविधि योजनाबद्ध रूपमा गराउन कसैले आर्थिक सहयोग गरिरहेको छ कि भन्ने विषयमा समेत सरकारले गम्भीर अनुसन्धान गर्नुपर्ने उनको भनाइ छ ।

जनकपुरकै महन्थ मनिसदास वैष्णवले धार्मिक सहिष्णुता भड्काउने र हुलदङ्गा मच्चाउने व्यक्तिहरूलाई पहिचान गरी कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने बताए । दोषीलाई समयमै कारबाही गर्न नसक्दा यस्ता घटना दोहोरिँदै गएको उनको तर्क छ ।

उनले पछिल्ला केही वर्षयता धनुषामा दुर्गा

*- बाँकी पृष्ठ ३ मा*

## ४५४ किलो गाँजासहित एक युवक पक्राउ



**सरु लामा**

*बर्दिबास, साउन १३ गते ।*

महोत्तरीमा प्रहरीले ४५४ किलो लागूऔषध गाँजासहित एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा ललितपुरको गोदावरी नगरपालिका-२ त्रिवेणी बस्ने २७ वर्षीय विश्व तामाङ रहेको इलाका प्रहरी कार्यालय बर्दिबासले जनाएको छ ।

इलाका प्रहरी कार्यालय बर्दिबास र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबासको संयुक्त टोलीले विशेष सूचनाका आधारमा मंगलबार साँझ बर्दिबास नगरपालिका-३ गौरीडाँडास्थित अस्थायी ट्राफिक प्रहरी पोस्ट अगाडि चेकजाँच गर्ने क्रममा उक्त परिमाणको आगूऔषध गाँजा बरामद गरेको हो ।

सिन्धुलीबाट बर्दिबासतर्फ आउँदै गरेको बा ४ ख ५६९२ नम्बरको मिनी ट्रक शंकाका आधारमा जाँच गर्दा ट्रकको छतमा फल्स बटम बनाई प्लास्टिकमा प्याक गरेर लुकाइछिपाइ राखिएको ६० वटा प्याकेटमा ४५४ किलो गाँजा फेला परेको इलाका प्रहरी कार्यालय बर्दिबासका प्रहरी नायव उपरीक्षक गुरुप्रसाद तिम्सिनाले जानकारी दिए ।

उनका अनुसार मिनी ट्रकसहित पक्राउ परेका ट्रक चालक तामाङलाई बुधबार महोत्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद लिएर प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# सद्भावको मैदान रणमैदान बन्नु हुँदैन


सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा दुई समुदायबीच भएको झडप, त्यसलाई नियन्त्रण गर्ने क्रममा प्रहरीको गोलीबाट एक युवाको मृत्यु तथा त्यसपछिका विरोध प्रदर्शनले कोशी प्रदेशदेखि मधेस प्रदेशसम्म सामाजिक वातावरणलाई असहज बनाएको छ । प्रतिशोधका गतिविधि पुन: भड्किने संकेत देखिएपछि स्थानीय प्रशासनले अनिश्चितकालीन कर्फ्यु जारी गर्नुपरेको अवस्था सामान्य होइन । राजविराज, जनकपुर, जलेश्वरलगायतका स्थानमा भएका प्रदर्शनले घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कारबाहीको जनअपेक्षा स्पष्ट पारेको छ । यस्ता घटनाले कुनै एक समुदाय वा क्षेत्र मात्र प्रभावित हुँदैन, सम्पूर्ण समाजको शान्ति र राष्ट्रिय एकतामाथि नै चुनौती खडा गर्छ। त्यसैले घटनाको निष्पक्ष अनुसन्धान गरी सत्यतथ्य सार्वजनिक गर्नु, दोषीलाई कानुनी दायरामा ल्याउनु र निर्दोष नागरिकको सुरक्षा सुनिश्चित गर्नु राज्यको पहिलो दायित्व हो । साथै, सामाजिक सञ्जाल वा अन्य माध्यमबाट अफवाह, घृणा र साम्प्रदायिक उत्तेजना फैलाउने गतिविधिलाई कडाइका साथ रोक्न आवश्यक छ । यसै सन्दर्भमा बुधबार सिंहदरबारमा बसेको सर्वदलीय बैठकले देवानगञ्जको घटनालाई दु:खद ठहर गर्दै सामाजिक सद्भाव कायम राख्न सबै पक्षले आफ्नो-आफ्नो तहबाट योगदान गर्नुपर्ने निष्कर्ष निकाल्नु सकारात्मक कदम हो । शान्ति र संवादलाई नै समस्या समाधानको प्रभावकारी माध्यम मान्दै राजनीतिक दलहरूले तल्लो तहसम्म आफ्ना संयन्त्र परिचालन गर्ने तथा सरकारलाई अझ प्रभावकारी ढंगले सद्भाव कायम गर्न आग्रह गर्ने निर्णयले समाजमा सकारात्मक सन्देश प्रवाह गरेको छ । अब यो प्रतिबद्धता कागजमा सीमित नरही व्यवहारमा देखिनुपर्छ ।

नेपाल विविध भाषा, धर्म, जाति र संस्कृतिको साझा घर हो । यही विविधताबीचको सहअस्तित्व हाम्रो राष्ट्रिय शक्ति हो । त्यसैले राजनीतिक अस्थिरता, आर्थिक चुनौती र सामाजिक संवेदनशीलताका बीच कुनै पनि बहानामा साम्प्रदायिक अविश्वासलाई बढ्न दिनु राष्ट्रहितविपरीत हुनेछ । सद्भावको मैदानमा केवल विश्वास, सहिष्णुता र मानवताको फूल फुल्नुपर्छह घृणा, हिंसा र प्रतिशोधको रणमैदान बन्न दिनु हुँदैन । देवानगञ्जको घटनाबाट सम्पूर्ण समाजले यही गम्भीर शिक्षा लिनुपर्ने बेला आएको छ ।

## राशिफल

मेष - हिम्मत दिलाउनेछ ।
वृष - जग बसाउने मौका छ ।
मिथुन - मित्रता बढ्न सक्छ ।
कर्कट - मन जित्न सकिनेछ ।
सिंह - इनाम दिलाउन सक्छ ।
कन्या - प्रभुत्व जमाउन सकिनेछ ।
तुला - अध्ययनमा प्रगति हुनेछ ।
वृश्चिक - बाधा पुग्न सक्छ ।
धनु - काममा पछि परिनेछ ।
मकर - आंशिक फाइदा हुनेछ ।
कुम्भ - खर्चिलो बन्ने देखिन्छ ।
मिन - यात्रा गराउन सक्छ ।

# दल त्यागेका जनप्रतिनिधिहरू पदमुक्त हुँदै



**काठमाडौं, साउन १३ गते ।**
सर्वोच्च अदालतले विभिन्न कारणले राजनीतिक दल त्याग गरेका स्थानीय तहहरूका आठ जना जनप्रतिनिधिहरू पदमुक्त हुने फैसला गरेको छ ।

सर्वोच्चले गत ८ असारमा उनीहरूलाई पदमुक्त गर्ने निर्वाचन आयोगको निर्णय सदर गरेको हो । आयोगको निर्णय विरुद्ध परेका रिट निवेदनहरू सर्वोच्च अदालतले एकमुष्ट रुपमा खारेज गरेको छ ।

आफूले टिकट दिएर निर्वाचित भएका ती कार्यकर्ताहरू दल छाडेर अन्य दलमा गएको आरोपमा कांग्रेस र एमालेले उनीहरूलाई पदमुक्त गरिदिन निर्वाचन आयोगलाई सिफारिस गरेका थिए, जसका आधारमा आयोगले उनीहरुलाई पदमुक्त गरेको थियो ।

दलहरूले गरेको सिफारिस एवं निर्वाचन आयोगको निर्णय राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३१ मा आधारित छ। उक्त दफामा जनप्रतिनिधिहरूले आफू आवद्ध भएको दल त्याग गरेमा उनीहरूको पद रिक्त हुने व्यवस्था छ ।

दफा ३१ मा भनिएको छ, 'कुनै दलको तर्फबाट उम्मेदवार भई निर्वाचित सङ्घीय संसदको सदस्य, प्रदेश सभाको सदस्य वा स्थानीय तहको सदस्यले पदको पदावधि कायम रहेसम्म दल त्याग गर्न सक्ने छैन ।

उनीहरुले 'दल त्याग गरेमा निर्वाचित भएको पद स्वत रिक्त भएको मानिने' उक्त ऐनमा व्यवस्था छ ।

**को-को पदमुक्त भए ?**

सर्वोच्चको मंगलबारको आदेशपछिनवलपरासीको पाल्हीनन्द गाँउपालिकाका उपाध्यक्ष फातिमा खातुन अन्सारीलाई पदमुक्त गर्ने आयोगले निर्णय सदर भएको छ । नेपाली कांग्रेसको आरोप अनुसार, उनले साधारण सदस्य समेत नरहने गरी पार्टी परित्याग गरेकी थिइन् ।

२१ फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा कांग्रेस उम्मेद्वारलाई असहयोग गरी प्रतिस्पर्धी पार्टीलाई सहयोग गरेको आरोप उनीमाथि थियो । स्पष्टीकरण सोधेपछि उनी अन्य दलमा गएर बसेको कांग्रेसको आरोप हो । अनि कांग्रेस कार्यसमिति बैठकले उनलाई पदमुक्त गर्न आयोगलाई सिफारिस गरेको थियो ।

जुम्ला गुठीचौर गाउँपालिकाका अध्यक्ष दानबहादुर बुढा पनि त्यसैगरी पदमुक्त भएका छन् । कांग्रेसबाट निर्वाचित भएपनि पार्टी गतिविधी गर्दै आएको र पार्टीको पालिका कार्यसमितिले नै कारवाहीको सिफारिस गरेको थियो ।

कांग्रेसको आरोप अनुसार उनी अहिले अन्य दलको जिम्मेवार पदमा बसिसकेका छन् । कांग्रेसले सर्वोच्च अदालतमा लिखित जवाफ पठाउदै आफ्नै राजीखुसीबाट दल त्याग गरेर हिडेकाले उनलाई स्पष्टीकरण सोधेपछि जवाफ नदिएको भनेको छ ।

गुल्मी मुसिकोट नगरपालिकाको वडा नं. २ का निवर्तमान वडाध्यक्ष रविन्द केसी पनि पदमुक्त भए । कांग्रेसको दाबीमा उनले १५ चैत, २०८२ मा 'आजदेखि म नेपाली कांग्रेसमा आवद्ध रहेर काम गर्न नसक्ने भएकाले पार्टी परित्याग गर्दै पार्टीका सबै जिम्मेवारीबाट अलग भएको छु' भनी साधारण सदस्य समेत नरहने गरी पार्टी परित्याग गरेका थिए ।

पार्टी कार्यालयमा राजीनामा बुझाएकाले पार्टीसँग उनको आवद्धता स्वत: समाप्त भएको कांग्रेसको जिकिर थियो । स्वेच्छिक रुपमा राजिनामा दिएर हिँडेकालाई किन स्पष्टीकरण सोध्नुपर्ने भन्दै कांग्रेसले सोझै पदमुक्त गर्न सिफारिस गरिएको दाबी गरेको थियो ।

गुल्मीकै धुर्कोट नगरपालिका-२ का वडाध्यक्ष पदमबहादुर विष्टले पनि कांग्रेस छाडे । उनले २९ माघ, २०८२ मा पार्टीको साधारण सदस्य समेत नरहने गरी पार्टी परित्याग गरेका थिए ।

तर त्यो विषय लुकाएर आफूलाई पदमुक्त गरिएकोमा मात्रै अदालतमा प्रश्न उठाएको भनी कांग्रेसले आफूले गरेको सिफारिस कानूनसम्मत रहेको जिकिर गरेको हो ।

मोरङको लेटाङ नगरपालिका-४ का वडाध्यक्ष राजकुमार श्रेष्ठ एमालेबाट निर्वाचित जनप्रतिनिधि हुन् । उनी केही महिनादेखि मिटरव्याजको विवाद (अनुचित लेनदेनको मुद्दा)मा परेका थिए । एमाले त्यागेर श्रम संस्कृति पार्टीमा आबद्ध भएका उनी आगामी निर्वाचनमा लेटाङको मेयर हुने तयारीमा थिए । एमालेले श्रेष्ठलाई पदमुक्त गर्न गरेको सिफारिस विरुद्ध उनी सर्वोच्च अदालतमा पुगेका थिए । तर सर्वोच्च अदालतले निर्वाचन आयोगकै निर्णय सदर गरिदियो ।

कांग्रेसमात्रै होइन, एमालेले पनि आठजना स्थानीय जनप्रतिनिधिहरूलाई कारवाही गरेको थियो। उसले २७ जेठ, २०८३ मा एकैसाथ आठ जना स्थानीय तहका जनप्रतिनिधिहरूलाई पदमुक्त गर्न निर्वाचन आयोगमा सिफारिस गरेको थियो ।

पार्टी छाडेर हिँडेको भन्दै एमालेले ओखलढुंगाको मोलुङ गाउँपालिका-१ का वडाध्यक्ष कमलबहादुर बानिया, ६ नम्बर वडाका वडाध्यक्ष कमल तामाङ, चम्पादेवी गाउँपालिका-७ का वडाध्यक्ष सुरेशकुमार थापा, पाल्पा माथागढी-१ का वडाध्यक्ष राजकुमार पन्थी, ललितपुर बागमती गाउँपालिका-७ का वडाध्यक्ष होमप्रसाद बजगाईं पदमुक्त भएका थिए ।

त्यसैगरी मोरङको लेटाङ-४ का वडाध्यक्ष राजकुमार श्रेष्ठ, रंगेली-१ का वडाध्यक्ष महेशकुमार खनाल, घोराही उपमहानगरपालिका-४ का वडाध्यक्ष मधुसुदन शर्मा पनि पदमुक्त भएका थिए ।

यीमध्ये लेटाङका श्रेष्ठ सर्वोच्च अदालत गएपनि अरु निर्वाचन आयोगको निर्णय विरुद्ध कुनै प्रतिक्रिया नदिएर मौन बसेका छन् ।

**मौन छ, सवैधानिक व्यवस्था**

पदमुक्त हुने जनप्रतिनिधिहरू आफूहरू संविधानत: पदमुक्त हुने कुरा स्विकार गर्न तयार छैनन् । नेपालको संविधानको धारा २१५ मा गाउँपालिका र २१६ मा नगरपालिकाका जनप्रतिनिधिहरूको पद रिक्त हुने व्यवस्था छ। दुवै धाराको उपधारा ८ मा स्थानीय तहको प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष अनि वडाध्यक्ष र सदस्यको पद रिक्त हुने व्यवस्था छ ।

जसअनुसार, तीनवटा कारणले ती जनप्रतिनिधिको पद रिक्त हुन्छ- राजीनामा दिएमा, पदावधि समाप्त भएमा अनि मृत्यु भएमा । संविधानमा स्थानीय तहका जनप्रतिनिधिले दल त्याग गर्ने सम्बन्धी व्यवस्था नै छैन ।

यसरी संविधानमा व्यवस्था नै नभएको शर्त राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३१ मा राखिएको थियोक । उक्त दफामा 'दल त्याग गरेमा' स्थानीय तहका जनप्रतिनिधिहरूको पद रिक्त हुने व्यवस्था समावेश छ । संघीय र प्रदेश सभाका सदस्यको हकमा संविधानमै व्यवस्था भए पनि स्थानीय तहको जनप्रतिनिधिको हकमा ऐनमा मात्रै पदमुक्त हुने परिकल्पना छ ।

त्यतिबेला निर्वाचन आयोगका पदाधिकारीहरूले संवैधानिक व्यवस्थाको साटो ऐनमा भएको व्यवस्था अनुसार जनप्रतिनिधिहरूको पद रिक्त रहेको सूचना प्रकाशित गर्न आफूहरु बाध्य हुने प्रतिक्रिया दिएका थिए ।

२०७३ सालमा राजनीतिक दलसम्बन्धी ऐन जारी भयो। २०७४ मा स्थानीय तहको निर्वाचनपछि देशभर जनप्रतिनिधिहरु निर्वाचित भए । २३ फागुन २०७७ मा तत्कालिन नेकपा(नेकपा) विभाजित भएर एमाले र माओवादी बनेपछि यसको व्यापक प्रयोग भएको थियो । त्यतिबेला ३४ जनप्रतिनिधिमाथिको कारबाही सर्वोच्च अदालतको आदेशका कारण रोकिएका थिए । र, सर्वोच्च अदालतले पनि दलको कामकारवाही र कारबाहीको प्रक्रियामा प्रश्न उठाएर सबैजसो मुद्दामा अन्तरिम आदेश दिएको थियो ।

अहिले भने कांग्रेस-एमालेको घट्दो साख र राष्ट्रिय स्वतन्त्र पार्टीको उछालपछि स्थानीय तहका कैयौ जनप्रतिनिधिहरु पार्टी छाडेर रास्वपामा प्रवेश गरेका हुन् ।

राजनीतिक जिम्मेवारी त्याग्दै नयाँ दलमा प्रवेश गर्ने उनीहरुको शैलीमा प्रश्न उठाउदै निर्वाचन आयोगले पदमुक्त गर्ने निर्णय गरेको हो । न्यायाधीशहरू शारंगा सुवेदी र सुनिलकुमार पोखरेलको इजलासले ती मध्येका आठवटा निर्णयलाई बुधवार सर्वोच्च अदालतले एकमुष्ट रुपमा सदर गरेको हो ।

# मिथिला लघुवित्त वित्तीय संस्था लि.

**केन्द्रीय कार्यालय ढल्केवर, धनुषा**

असुली विभाग

## ऋण चुक्ता गर्ने बारे ३५ (पैतिस) दिने सार्वजनिक सूचना

*(प्रकाशित मिति : २०८३/०४/१४)*

तपसिलमा उल्लेखित ऋणीहरुले यस मिथिला लघुवित्त वित्तीय संस्था लि.को विभिन्न शाखा कार्यालयहरुबाट विभिन्न मितिमा तपसिलका शिर्षक अर्न्तगतको ऋण कर्जा लिए वापत वित्तीय संस्थालाई तिर्नु/बुझाउनु पर्ने सावाँ, व्याज तथा अन्य दस्तुर आदी नतिरी नबुझाई वित्तीय संस्थासंग भएको ऋण कर्जा सम्बन्धि शर्त, बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायत वित्तीय संस्थाको सम्पुर्ण लेना रकम भुक्तान गर्न पटकपटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत वित्तीय संस्थाको ऋण चुक्ता भुक्तान गर्नेतर्फ कुनै चाँसो नदेखाई वेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लेखित ऋणीको नाउँमा रहेको बक्यौता रकम यथाशिघ्र चुक्ता भुक्तान गर्न हुन यो सूचना जारी गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस वित्तीय संस्थाको सम्बन्धित शाखामा सम्पर्क राखी आफुले लिएको ऋण कर्जाको सम्पुर्ण सावाँ, ब्याज रकम भुक्तानी गर्नु होला। अन्यथा, प्रचलित कानून तथा वित्तीय संस्थाको नियमावली अनुसार कर्जा लिदा यस संस्थालाई लेखिदिएको धितो वा नलेखिदिएको चल अचल सम्पति रोक्का गरी, लिलाम बिक्री गरी वा अन्य व्यवस्था गरी वित्तीय संस्थाको लेना रकम असुल उपर गरिनुका साथै नियमानुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सुचना केन्द्रमा कालो सूचीमा सूचिकृत गर्न समेत लेखी पठाउने व्यहोरा अनुरोध छ।

**तपसील**

**१. सम्बन्धित शाखा कार्यालय : सोनमा, महोत्तरी ।**

| क्र.स. | के.न. तथा कोड न. | ऋणीको नाम | ठेगाना | पति/पिताको नाम | बाजे/ससुराको नाम | उद्देश्य | बाँकी सावाँ | बाँकी ब्याज रकम |
|---|---|---|---|---|---|---|---|---|
| ०१. | ०१७.०२.६ | अमृति देवी यादव | खैरबन्नी गा.बि.स.-०३ | राम नरेश यादव | राजेश्वर राय यादव | खेती | ६,८७,१०२। | ३,०४,२७६। |
| ०२. | ०२९.०२.४ | मोस्तकिमा खातुन | सुन्दरपुर गा.बि.स.-०३ | कासिम मंसुर | महबुल मंसुर | खेती र व्यापार | ६४०,३२०। | १,०७,१३४। |

**धितो विवरण**

| जग्गा धनी | नाता | पति/पिताको नाम | गा.वि.स./न.पा. | वडा न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| राम नरेश यादव | आफैं | राजेश्वर राय यादव | खेस्राहा | ३ | १९८१ | ०-२-०१ |
| कासिम मंसुर | पति | महबुल मंसुर | सुन्दरपुर | ३ | ५४२ | ०-२-०७ |

**२. सम्बन्धित शाखा कार्यालय : निगौल, महोत्तरी ।**

| क्र.स. | के.न. तथा कोड न. | ऋणीको नाम | ठेगाना | पति/पिताको नाम | बाजे/ससुराको नाम | उद्देश्य | बाँकी सावाँ | बाँकी ब्याज रकम |
|---|---|---|---|---|---|---|---|---|
| ०१. | १००.०७.११ | जोग नरायण महतो | गौशाला-११, महोत्तरी | राम बिलाश महतो | बाबुनन्द महतो | खेती | ३,९३,४१६। | १,९०,३८४। |
| ०२. | ०२१.०४.१ | लालबती देवी | गौशाला-०९, महोत्तरी | मोहन सिंह दनुवार | सुर्य सिंह दनुवार | खेती | ४१९,०२०। | १३८८७१। |

**धितो विवरण**

| जग्गा धनी | नाता | पति/पिताको नाम | गा.वि.स./न.पा. | वडा न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| जोग नरायण महतो | आफैं | राम बिलाश महतो | भरतपुर | ६ख | १५९ | ०-२-६ |

**३. सम्बन्धित शाखा कार्यालय : लक्ष्मीपुर, सिराहा ।**

| क्र.स. | के.न. तथा कोड न. | ऋणीको नाम | ठेगाना | पति/पिताको नाम | बाजे/ससुराको नाम | उद्देश्य | बाँकी सावाँ | बाँकी ब्याज रकम |
|---|---|---|---|---|---|---|---|---|
| ०१ | ००२.०४.७ | सैकुल खातुन | बिष्णुपुर गा.पा.-०५, लक्ष्मीपुर | सहिद मियाँ | महमदी मियाँ | क्रिषि | १,८२,६५३। | ५६,७८९। |
| ०२ | ००६.०१.१ | सनेचरी देवी पासवान | बिष्णुपुर गा.पा.-०५, लक्ष्मीपुर | राम प्रसाद पासवान | कारी पासवान | कृषि | २,५७,४०६। | ९२,२६६। |
| ०३ | ०२५.०२.५ | मनिषा कुमारी दास | सिराहा न.पा.-०३, सिराहा | बिनोद प्रसाद दास | अबध दास | ब्यापार | ७९,८२४। | ४९,८४८। |
| ०४ | ०२७.०४.१ | ममता कुमारी झा | सिरहा न.पा.-०५, सिराहा, | शक्तीनाथ झाहजी | सुकदेव झा | ब्यापार | ३६,८४९। | २७,६३३। |
| ०५ | ०३७.०२.१ | गिता देवी यादव | सिराहा न.पा.-०७, सिराहा | अनुरुद यादव | बिसुन यादव | ब्यापार | ६,६०८। | १५,१९२। |
| ०६ | ०३७.०२.२ | नितु कुमारी साह | सिराहा न.पा.-०१, सिराहा | अजय कुमार साह | बिन्देश्वर साह सोनार | ब्यापार | ६,९२४। | १६,१६०। |

**धितो विवरण**

| जग्गा धनी | नाता | पति/पिताको नाम | गा.वि.स./न.पा. | वडा न. ०४ | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| सहिद मियाँ | पति | महमदी मियाँ | लक्ष्मीपुर | | ३१२२ | ०-१२-१० |

**४. सम्बन्धित शाखा कार्यालय : कठौना, सप्तरी ।**

| क्र.स. | के.न. तथा कोड न. | ऋणीको नाम | ठेगाना | पति/पिताको नाम | बाजे/ससुराको नाम | उद्देश्य | बाँकी सावाँ | बाँकी ब्याज रकम |
|---|---|---|---|---|---|---|---|---|
| ०१ | ०१६.०२.३ | मन्जु देवी | शम्भुनाथ न.पा.-१२ | बौकु साह हलुवाई | घुरन साह हलुवाई | खेती | ४४,७४७। | ११,८२४। |
| ०२ | ०१६.०२.५ | सम्मोल देवी चौधरी | शम्भुनाथ न.पा.-१२ | बिरेन्द्र चौधरी | झफरु चौधरी | खेती | १,२९,७३५। | २७,९३९। |
| ०३ | ०१६.०४.१ | नैन कुमारी चौधरी | शम्भुनाथ न.पा.-१२ | दयाराम चौधरी | केद नरायण चौधरी | खेती | १८,३३३। | ९,८७७। |
| ०४ | ०२२.०१.३ | सबिना साहु तेली | शम्भुनाथ न.पा.-०३ | संतोष कुमार साह | श्री प्रसाद साहु तेली | खेती | ९४,३७५। | १८,५९८। |
| ०५ | ००७.०२.३ | गया देवी चौधरी | शम्भुनाथ न.पा.-०६ | मुसहरु चौधरी | गालु चौधरी | खेती | ३३,०७३। | ७,२१९। |
| ०६ | ००७.०१.४ | फुलमन्ती देवी चौधरी | शम्भुनाथ न.पा.-०६ | अच्चिमतलाल चौधरी | मनपुर चौधरी | खेती | ३८,८७७। | १३,३५६। |
| ०७ | ००६.०२.३ | कन्चन कुमारी चौधरी | शम्भुनाथ न.पा.-०३ | संजय कुमार चौधरी | तनुकलाल चौधरी | खेती | १,४२,०००। | ४६,५८२। |
| ०८ | ०२३.०१.२ | उर्मिला देवी रिसाल | शम्भुनाथ न.पा.-०४ | श्याम कुमार रिसाल बिश्वकर्मा | देवराम रिसाल | खेती | १,१९,८३९। | १८,२९९। |
| ०९ | ००५.०१.५ | सचिया खातुन | शम्भुनाथ न.पा. ०६ | लुराई मियाँ | छेदी मियाँ | कृषि | १,४५,०००। | २५,९२७। |
| १० | ०१५.०२.४ | फेको देवी साह | शम्भुनाथ न.पा. १० | सिन्दीलाल साह तेली | लक्ष्मण साह तेली | कृषि | ४३,७४८। | १२,२२९। |
| ११ | ०१८.०२.३ | पारस कुमारी चौधरी | शम्भुनाथ न.पा. ०८ | अरविन कुमार चौधरी | गोसाई चौधरी | कृषि | १,८५,०००। | २४,५८८। |
| १२ | ०१६.०१.४ | रोहिनी कुमारी चौधरी | शम्भुनाथ न.पा. १२ | खेलानन्द चौधरी | रामदास चौधरी | कृषि | १,२४,५८३। | ६२,८११। |
| १३ | ०१६.०२.१ | सिता कुमारी चौधरी | शम्भुनाथ न.पा. १२ | मुनीलाल चौधरी | मनेजर चौधरी | कृषि | ६५,०००। | २७,९२६। |
| १४ | ०१६.०२.४ | अर्चना कुमारी चौधरी | शम्भुनाथ न.पा. १२ | चन्द्रकान्त चौधरी | रामेश्वर चौधरी | कृषि | १,३५,०००। | ५९,२४१। |
| १५ | ०१६.०३.१ | मीनाबती देवी | शम्भुनाथ न.पा. १२ | जग्गु साह | नन्दी साह | कृषि | ४५,८३३। | २४,०५४। |
| १६ | ०१६.०३.२ | अनन देवी चौधरी | शम्भुनाथ न.पा. १२ | दिप नरायण चौधरी थारु | झफारु चौधरी | कृषि | १,२४,५८३। | ६२,८११। |
| १७ | ०१६.०३.३ | बुधनी देवी | शम्भुनाथ न.पा. १२ | केद नरायण चौधरी | पराउ चौधरी | कृषि | ४५,०००। | २१,६२९। |
| १८ | ०१६.०३.२ | गंगा कुमारी चौधरी | शम्भुनाथ न.पा. १२ | रामजी चौधरी | तुराइ चौधरी | कृषि | १,१९,७९१।, | ६३,६८१। |
| १९ | ०१७.०३.४ | सुनिता देवी चौधरी | शम्भुनाथ न.पा. ११ | बसन्त कुमार चौधरी | रामाकान्त चौधरी | कृषि | १,४३,७५० | ६६,४३८। |

**५. सम्बन्धित शाखा कार्यालय : पडरयिा, सिराहा ।**

| क्र.स. | के.न. तथा कोड न. | ऋणीको नाम | ठेगाना | पति/पिताको नाम | बाजे/ससुराको नाम | उद्देश्य | बाँकी सावाँ | बाँकी ब्याज रकम |
|---|---|---|---|---|---|---|---|---|
| ०१ | ०६७.०२.१ | सीता देवी सुडिन | लहान न.पा.-२० , सिराहा | चुल्हाई पुर्वे | महाबिर पुर्वे | किराना पसल | २,१०,०००। | ९९,०२४। |
| ०२ | ०८१.०२.२ | रंजीता कुमारी चौधरी | लहान न.पा.-१२ , सिराहा | किशोर कुमार चौधरी | पन्चलाल चौधरी | तरकारी ब्याबसाय | २,०५,०००। | ९७,९८१। |
| ०३ | ०४१.०४.५ | बिना देवी साह | लहान न.पा.-०१, सिराहा | रामशंकर साह | तुरुन्त साह हलुवाई | तरकारी खेती | ३,५०,०००। | १,०६,१४१। |
| ०४ | ०१७.०१.५ | जितनी देवी | लहान न.पा.-९, बसाहाजोडी | लक्ष्मी चोधरी | मिठुलाल चोधरी | तरकारी खेती | ७२,२८०। | २७,६३३। |
| ०५ | ०१७.०१.४ | मिना देवी चौधरी | लहान न.पा.-९, बसाहाजाडी | कानुन चौधरी | बौकु चौधरी | तरकारी खेती | ३०,१६१। | ६२,८१८। |
| ०६ | ०१७.०४.३ | सीता देवी चौधरी | लहान न.पा.-९, बसाहाजोडी | आशालाल चौधरी | दशन चौधरी | तरकारी खेती | ६०,०००। | २६,५२७। |
| ०७ | ०१७.०३.५ | रन्जु चौधरी | लहान न.पा.-९, बसाहाजोडी | मिश्रीलाल चौधरी | मिठुलाल चौधरी | तरकारी खेती | ७०,०००। | ५७,९४७। |

# बर्दिबासमा प्रशासन–स्थानीय...

को संयोजकत्वमा संघर्ष समिति गठन गरेको छ। समितिमा मेघेन्द्र श्रेष्ठ, प्रेम भुजेल र सोनाम सिंह गोले सदस्य रहेका छन्। दलका प्रतिनिधितर्फ नेपाली कांग्रेसका पोषण थापा, नेकपा एमालेका शंकर महतो र नेकपाका नरबहादुर खनाल रहेका छन्।

संघर्ष समितिले आवश्यक परे विपी राजमार्ग अनिश्चितकालीन बन्दलगायतका आन्दोलनका कार्यक्रम अघि बढाउने तयारी गरेको छ। यसले कालापानीको विवाद स्थानीय तहको सीमित असन्तुष्टिबाट बाहिरिएर सडक संघर्षको रुप लिन सक्ने संकेत देखिएको छ।

**मुद्दा दर्ताले बढायो अविश्वास**

कालापानीमा जेठ ११ गते भएको घटनापछि स्थानीय र प्रशासनबीच भएको भनिएको सहमति कार्यान्वयन नभएको भन्दै स्थानीय थप आक्रोशित छन्। त्यसदिन वन क्षेत्रको बस्ती खाली गराउन सूचना जारी गर्न वन कर्मचारीहरू पुगेपछि स्थानीयले उनीहरूलाई राति १२ बजेसम्म नियन्त्रणमा राखेका थिए। सो क्रममा बर्दिबास नगरपालिका-३, कालापानीमा डिभिजन वन कार्यालयको बा.२ झ २७४९ नम्बरको सरकारी गाडीमा आगजनी भएको थियो। घटनापछि वन कार्यालयले माफी माग्दै थप कारबाही प्रक्रियाबाट पछि हटेको थियो। अ न्दोलनका अगुवा गणेश बस्नेतका अनुसार घटनाको सम्पूर्ण जिम्मेवारी सरकारले लिने, घाइतेहरूको उपचार राज्यले गर्ने र घटनामा कसैविरुद्ध मुद्दा चलाएर धरपकड नगर्ने विषयमा प्रमुख जिल्ला अधिकारीसँग सहमति भएको थियो। तर, अहिले सोही घटनालाई लिएर प्रहरीले मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाएपछि स्थानीयले प्रशासनमाथि सहमति उल्लंघन गरेको आरोप लगाएका छन्।

**अतिक्रमण हटाउने अभियानले निम्त्याएको टकराव**

बालेन्द्र शाह (बालेन) नेतृत्वको सरकार गठन भएपछि सार्वजनिक, ऐलानी, पर्ती तथा वन अतिक्रमित जग्गा खाली गराउने विषयमा गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयहरूलाई पत्राचार गरेको थियो। त्यसपछि डिभिजन वन कार्यालयले महोत्तरीका विभिन्न क्षेत्रमा वन अतिक्रमित क्षेत्र खाली गराउने प्रक्रिया अघि बढाएको थियो।

राजाबास, कालापानी, वरडाँडालगायतका क्षेत्रमा करिब १ हजार १ सय हेक्टर वन क्षेत्र अतिक्रमण गरी घर, टहरा तथा खेतीपाती गरिएको भन्दै वन क्षेत्र खाली गराउने अभियान अघि बढाइएको हो।

तर, स्थानीयले पुस्तौंदेखि आफूहरू बसोबास गर्दै आएको जग्गाको लालपूर्जा पाउनुपर्ने माग गर्दै आएका छन्। लालपूर्जा दिने प्रक्रिया अघि बढाउनुको सट्टा बस्ती खाली गराउने सूचना जारी गर्न थालेपछि उनीहरू आक्रोशित बनेका हुन्।

वन क्षेत्र खाली गराउने सरकारी अभियान र लालपूर्जाको माग गरिरहेका स्थानीयबीचको विवाद जेठ ११ गते हिंसात्मक घटनासम्म पुगेको थियो। अहिले त्यही घटनामा मुद्दा दर्ता भएपछि विवाद फेरि बल्झिएको छ।

यता, महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले फौजदारी कसुरको मुद्दामा प्रहरीले कानुन अनुसार अनुसन्धान गरिहेको बताए। उनले भने, 'कसैले दवाव दिँदैमा मुद्दाको अनुसन्धान रोकिदैन। महान्यायधिवक्ताको कार्यालय वा अदालतबाटै मुद्दाको सम्बन्धमा टुङ्गो लाग्छ।'

# साम्प्रदायिक सद्भाव...

पूजा, सरस्वती पूजा तथा मोहर्रमका अवसरमा पनि तनाव सिर्जना हुने प्रयास भएका घटनाहरू स्मरण गर्दै दुवै समुदायले एकअर्काको धर्म र संस्कृतिप्रति सम्मान गर्नुपर्नेमा जोड दिए। 'घटना हुन सक्छन्,' उनले भने, 'तर त्यसलाई समयमै नियन्त्रण गरेर सद्भाव कायम राख्नु राज्यको दायित्व हो।'

मुस्लिम बुद्धिजीवी मौलाना रहमती अलीले देवानगञ्ज घटनाबाट सरकारले गम्भीर पाठ सिक्नुपर्ने बताए। यस्ता छिटपुट घटनालाई समयमै नियन्त्रण गर्न नसके भविष्यमा अझ जटिल अवस्था निम्तिन सक्ने उनको चेतावनी छ। 'यस्ता घटनाले कुनै पनि समुदायलाई फाइदा गर्दैन,' उनले भने, 'सदियौंदेखि हामी मिलेर बसेको समाज हो। त्यसलाई जोगाउने जिम्मेवारी सबैको हो।' उनले इस्लामले पनि अरूलाई हानि पुग्ने कुनै पनि वस्तु बाटोबाट हटाउनुलाई इमानको काम मानेको उल्लेख गर्दै समाजमा द्वेष र हिंसा फैलाउने गतिविधिबाट सबै सचेत हुनुपर्ने बताए।

जनकपुरका धर्मगुरुहरूले सामाजिक सद्भाव बिथोल्ने कुनै पनि गतिविधिप्रति सचेत रहन र धार्मिक सहिष्णुताको संस्कृतिलाई अझ सुदृढ बनाउन सबै समुदायसँग संयुक्त अपिल गरेका छन्।

# धनुषाको कुन स्थानीय तहले...

हजार १२२ रुपैयाँ खर्च गरेको हो। जनकनन्दिनी गाउँपालिकालाई ३१ करोड ७२ लाख २० हजार रुपैयाँ अनुदान दिइएकोमा त्यसको ७८.०६ प्रतिशत अर्थात २४ करोड ७६ लाख २३ हजार ६५८ रुपैयाँ खर्च भएको हो।

यस्तै, लक्ष्मिनीयाँ गाउँपालिकाले संघ सरकारबाट ३३ करोड ३५ लाख ८ हजार रुपैयाँ अनुदान पाएकोमा त्यसको ७७ प्रतिशत अर्थात २५ करोड ६८ लाख ३ हजार ५०२ रुपैयाँ खर्च भएको हो। धनौजी गाउँपालिकाले २० करोड ४ लाख ५७ हजार रुपैयाँ पाएकोमा त्यसको ७६.६० प्रतिशत अर्थात १५ करोड ३५ लाख ४१ हजार ३८४ रुपैयाँ खर्च गरेको हो।

कमला नगरपालिकाले गत आवमा ३० करोड ६५ लाख ४० हजार रुपैयाँ पाएकोमा त्यसको ७३.९५ प्रतिशत अर्थात २२ करोड ६६ लाख ९३ हजार ४९२ रुपैयाँ खर्च भएको हो।

यस्तै, धनुषाधाम नगरपालिकाले गत आवमा ३९ करोड ६९ लाख ४० हजार अनुदान पाएकोमा त्यसको ७१.२० प्रतिशत अर्थात २८ करोड २६ लाख ४ हजार ६३३ रुपैयाँ खर्च गरेको हो।

# धनुषाको कुन स्थानीय तहले कति गऱ्यो खर्च ?

राजा झा

*जनकपुरधाम, साउन १३ गते ।*

धनुषा जिल्लाको १८ वटै स्थानीय तहहरुले संघ सरकारबाट विभिन्न अनुदान पाएकोमा त्यसको ८१.९८ प्रतिशत मात्र खर्च गर्न सकेको छ।

कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषाका अनुसार गत आर्थिक वर्ष २०८२/८३ मा संघ सरकारबाट धनुषाको सबै स्थानीय तहले ५ अर्ब ६७ करोड ६२ लाख ५० हजार रुपैयाँ अनुदान पाएकोमा ४ अर्ब ६५ करोड ३४ लाख ३२ हजार २१० रुपैयाँ खर्च गरेको हो ।

बटेश्वर गाउँपालिकाले गत आवमा पाएको अनुदानमा प्रतिशतको हिसाबले सबैभन्दा बढी बजेट खर्च गरेको छ ।

कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषाका अनुसार बटेश्वरले संघ सरकारबाट पाएको अनुदानको ९४.७१ प्रतिशत बजेट खर्च गरेको छ। बटेश्वर गाउँपालिकाले २४ करोड ९२ लाख ९० हजार अनुदान प्राप्त गरेकोमा २३ लाख ६० हजार ९९ हजार ३८९ रुपैयाँ खर्च गरेको छ।

कोषतथालेखानियन्त्रककार्यालयका प्रमुख बुद्धराम मल्ल आलेका अनुसार गत आवमा सबैभन्दा बढी अनुदान पाएको जनकपुरधाम उपमहानगरपालिकाले प्रतिशतको हिसाबले सबैभन्दा कम खर्च गरेको छ।

जनकपुरधाम उपमहानगरले गत आवमा १ अर्ब ३४ करोड १२ लाख रुपैयाँ संघबाट अनुदान पाएकोमा त्यसको ६३.२५ प्रतिशत अर्थात ८४ करोड ८३ लाख ७४ हजार १६० रुपैयाँ खर्च गरेको हो ।

प्रमुख आलेले उपलब्ध गराएको तथ्यांक अनुसार क्षीरेश्वरनाथ नगरपालिकाले गत आव २०८२/८३ मा ३८ करोड २० लाख ८६ हजार रुपैयाँ अनुदान पाएकोमा त्यसको ८६.७६ प्रतिशत अर्थात ३३ करोड १५ लाख १३ हजार २०७ रुपैयाँ खर्च गरेको हो ।

शहिदनगर नगरपालिकाले गत आवमा ४२ करोड २५ लाख ४० हजार रुपैयाँ अनुदान प्राप्त गरेकोमा त्यसको ८५.९४ प्रतिशत अर्थात ३६ करोड ३१ लाख १५ हजार २९९ रुपैयाँ खर्च गरेको हो।

हंसपुर नगरपालिकाले ३८ करोड १३ लाख ७५ हजार रुपैयाँ अनुदान पाएकोमा त्यसको ८५.११ प्रतिशत अर्थात ३२ करोड ४५ लाख ९३ हजार १५५ रुपैयाँ खर्च गरेको हो ।

यसैगरी, गणेशमान चारनाथ नगरपालिकाले गत आवमा ३६ करोड ४७ हजार रुपैयाँ अनुदान प्राप्त गरेकोमा त्यसको ८५ प्रतिशत अर्थात ३० करोड ६० लाख २९ हजार ३७ रुपैयाँ खर्च गरेको तथ्यांक छ।

मिथिला बिहारी नगरपालिकाले गत आवमा ३३ करोड २० लाख ३४ हजार रुपैयाँ अनुदान प्राप्त गरेकोमा त्यसको ८४.७० प्रतिशत अर्थात २८ करोड १२ लाख ३५ हजार ३९२ रुपैयाँ खर्च गरेको हो ।

यस्तै, नगराईन नगरपालिकाले गत आवमा ३५ करोड २९ लाख १२ हजार अनुदान पाएकोमा त्यसको ८४.५१ प्रतिशत अर्थात २९ करोड ८२ लाख ६२ हजार ९१४ रुपैयाँ खर्च गरेको हो ।

यसैगरी, मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाले संघ सरकारबाट २३ करोड ४ लाख ६० हजार अनुदान पाएकोमा त्यसको ८३.८५ प्रतिशत अर्थात १९ करोड ३२ लाख ५१ हजार ४५९ रुपैयाँ खर्च गरेको हो ।

सबैला नगरपालिकाले संघबाट ३८ करोड ४० लाख ९१ हजार रुपैयाँ अनुदान पाएकोमा त्यसको ८३.१२ प्रतिशत अर्थात ३१ करोड ९२ लाख ५० हजार ५९० रुपैयाँ खर्च गरेको हो ।

यस्तै, औरही गाउँपालिकाले गत आवमा २६ करोड ३१ लख ७० हजार रुपैयाँ अनुदान पाएकोमा त्यसको ८२.४३ प्रतिशत अर्थात २१ करोड ६९ लाख २९ हजार ९३८ रुपैयाँ खर्च गरेको हो ।

मिथिला नगरपालिकाले ४३ करोड ६ लाख ६० हजार अनुदान पाएकोमा त्यसको ८२.२२ प्रतिशत अर्थात ३५ करोड ४० लाख ९६ हजार ३९ रुपैयाँ खर्च गरेको हो ।

विदेह नगरपालिकाले ३३ करोड २ ९ लाख २० हजार रुपैयाँ अनुदान पाएकोमा त्यसको ७८.६३ प्रतिशत अर्थात २६ करोड १७ लाख ८९

*- बाँकी पृष्ठ ३ मा*

# पुल निर्माणमा भएको ढिलाइले स्थानीयलाई सास्ती

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, साउन १३ गते ।*

दुधमति खोलाको पुल निर्माणमा भएको ढिलाइले स्थानीयवासीलाई सास्ती पुगेको छ ।

धनुषाको ढल्केवर-जनकपुर-जटही ६लेनसडकखण्डअन्तर्गतजनकपुरधामस्थित दुधमति खोलामा निर्माणाधीन पुल लामो समयदेखि अलपत्र हुँदा स्थानीयवासी तथा यात्रु सास्ती खेप्न बाध्य छन् ।



प्रतिकात्मक तस्बिर

जनकपुरधामलाई भारतको जटही नाकासँग जोड्ने रणनीतिक मार्गको महत्वपूर्ण संरचना हो, उक्त पुल। स्थानीय सुबोध नायकले लामो समयदेखि पुल निर्माणको काम अलपत्र परेको बताए ।

जनताले पुल छिट्टै तयार हुने अपेक्षा गरे पनि निर्माणले गति लिन नसक्दा नागरिकमा निरासा बढेको छ ।

निर्माणकार्य अधुरो रहँदा जनताका अपेक्षा पूरा हुन सकेन । निर्माण ठेक्का २०७६ साल जेठ २५ गते नागार्जुन हेम जेभीसँग भएको थियो । निर्माण लागत १३ करोड ९५ लाख ६४ हजार ३३८ मा सम्झौता भएको थियो ।

सडक डिभिजन कार्यालय जनकपुरधामले २०८२ माघ १७ गते पुल निर्माण सम्पन्न गर्नेगरी सम्झौता भएको जानकारी दिएको छ ।

पुल निर्माणमा भएको ढिलाइका कारण सडक डिभिजन कार्यालय जनकपुरधामले नागार्जुन हेम जेभीसँगको ठेक्का सम्झौता तोडेको प्रमुख इन्जिनियर दारोगा प्रसादले बताए ।

ढल्केबर-जनकपुर-जटही ६ लेन सडक मधेस प्रदेशकै महत्वपूर्ण सडक आयोजना हो ।

भारतसँगको व्यापार, धार्मिक पर्यटन तथा स्थानीय आवागमनलाई सहज बनाउने उद्देश्यले पुलको निर्माण थालनी गरिएको थियो ।

## श्री त्रिभुवन माध्यमिक (०-१२) विद्यालय

गौशाला बजार, महोत्तरी

### शिक्षक आवश्यकता सम्बन्धी सूचना

श्री त्रिभुवन माध्यमिक विद्यालय गौशाला बजार, महोत्तरीमा अध्यापन गराउनका लागि तपसिलका बमोजिमको पदपूर्ति खुल्ला प्रतिस्पर्धाद्वारा निजी स्रोतबाट करारमा नियुक्तिको लागि इच्छुक नेपाली नागरिकहरुमा रित्त बमोजिम दरखास्त आह्वान गरिन्छ ।

| क.सं. | विज्ञापन नं. | पद र श्रेणी | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | १/२०८३/०८४ | प्रा.वि.शिक्षक तृतिय श्रेणी | ४ | +२ उत्तिर्ण र अध्यापन अनुमति पत्र भएको |

**द्रष्टव्य :**

१. फाराम भर्ने अन्तिम मिति : २०८३/०४/२७ गतेसम्म ।
२. फाराम बुझाउने स्थान : श्री त्रिभुवन माध्यमिक विद्यालय, गौशाला बजार ।
३. परीक्षा दस्तुर : रु.१,०००/- मात्र
४. परीक्षा किमिस : लिखित, मौखिक र प्रयोगात्मक
५. खाता नं. : नेपाल बैंक लि.को खाता नं. ०९४००१०६२८२२४८००००१
६. तलब स्केल : विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार
७. नियुक्ति किसिम : करार (१) वर्ष
८. उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
९. फौजदारी अभियोगमा कसुरदार नठहरिएको ।
१०. दरखास्त फारामसँग पेश गर्नु पर्ने कागजातहरु :
    क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
    ख) ट्रान्सक्रिप्टको प्रतिलिपी
    ग) पासपोर्ट साईजको २ प्रति फोटो
    घ) हस्तलिखित निवेदन
११. सम्पर्क मिति : २०८३/०४/२८ गते ।
१२. परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ ।
१३. शैक्षिक योग्यता : +२ उत्तिर्ण (माथिल्लो योग्यता भएकोलाई ग्राह्यता दिइनेछ) ।

*नोट : विस्तृत जानकारीको लाग श्री त्रिभुवन मा.वि. गौशला बजारको कार्यालयमा सम्पर्क गर्नु होला ।*

सदस्य सचिव
**शिक्षक छनौट समिति**

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

**खर्गा दन्त उपचार केन्द्र प्रा.लि.**

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
☎ ९८४४३१२२४६
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिह(न ९ बजेदेखि साँझ ५ बजेसम्म

**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री